# म्याङलुङ्ग नगरपालिकाको विनियोजन ऐन, २०७४

## म्याङलुङ्ग नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७४/०९/२८

**प्रस्तावनाः**

म्याङलुङ्ग नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम म्याङलुङ्ग नगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम " **म्याङलुङ्ग नगरपालिका**को विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४/०७५को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च , बित्तिय व्यवस्थाको रकम र नगद लागत सहभागीता समेत गरी जम्मा **रकम रु**.32,98,14,123÷12 **(अक्षेरुपी बत्तिस करोड अन्ठानब्बे लाख चौध हजार एक सय तेईस पैसा बाह्र मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त **म्याङलुङ्ग** नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम , साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) समपुरकको रुपमा विनियोजन भएको रकम कार्यपालिकाले पुजिगततर्फ आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।

**४. खारेजी र बचाउ :** आर्थिक वर्ष २०७४/७५ मा भएका सबै खर्च यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | नगरकार्यपालिका | 24237 | 114363 | 0 | 138600 |
| 2 | | वडा समिति | 11700 | 0 | 0 | 11700 |
| 3 | | बिषयगतशाखा | 510 | 13990 | 0 | 14500 |
| 4 | | सशर्त अनुदान | 121298 | 0 | 0 | 121298 |
| 5 | | सामाजिक सुरक्षा | 26746.6 | | 0 | 26746.6 |
| 6 | | सडक बोर्ड | 0 | 5500 | 0 | 5500 |
| 7 | | एलजि सिडिपी | 1461 | 0 | 0 | 1461 |
| 8 | | धरौटी फिर्ता | 0 | 0 | 2472.355 | 2472.355 |
| 9 | | नगद लागत सहभागीता | | ७५३६.१६८१२ | | ७५३६.१६८१२ |
| | | जम्मा | 185952.6 | 141389.16812 | 2472.355 | 329814.12312 |